लागि सरकारी, सामुदायिक र निजी वनसँग सम्बन्धित नीतिगत तथा कानुनी सुधार गरी वनजन्य काठको सहज उपयोग र बिक्रीमार्फत विदेशबाट हुने काठको आयात घटाइने छ।

वन, जलाधार र पानीको संरक्षण गरी जलवायु अनुकूल दिगो विकास सुनिश्चित गरिने छ । मध्यपहाडी र चुरे क्षेत्रमा सम्भव स्थानमा पानी सङ्कलन पोखरी निर्माण गरी वर्षा र खोलाको पानी व्यवस्थापन गरी बाढी र खडेरीको शृङ्खला तोड्न वैज्ञानिक प्रणाली अपनाइने छ। चुरेका ढुङ्गा, गिट्टी र बालुवाको अनियन्त्रित दोहन नियन्त्रण गर्न वैज्ञानिक उत्खनन तथा निर्यात कार्यविधि तयार गरी एकीकृत चुरे संरक्षण प्राधिकरणलाई तीन वटै तहको साझा जिम्मेवारीसहित थप अधिकारसम्पन्न बनाइने छ।

सबै नागरिकलाई सुरक्षित पिउने पानीको सुनिश्चित गरिनुका साथै आर्सेनिकमुक्त तराई अभियान सञ्चालन गरिने छ । मधेश प्रदेशमा भूमिगत जलस्तर सुधार र मरुभूमीकरणको जोखिम न्यूनीकरण गर्न परम्परागत पोखरी, इनार र चापाकललाई वैज्ञानिक दृष्टिले पुनः सञ्चालन तथा वर्षा र नदीजन्य पानी सङ्कलन, संरक्षण र दिगो प्रयोग प्रवर्धन गरिने छ।

परम्परागत पोखरी, ढुङ्गेधारा र मूल संरक्षणका साथै भौगोलिक र प्राकृतिक स्वरूपको समेत जगेर्ना गरिने छ।

वायुप्रदूषणलाई विश्व स्वास्थ्य संस्थाको मापदण्डभित्र ल्याउन बहुपक्षीय योजना लागु गरिने छ । पूर्वाधार निर्माण र वातावरण तथा प्राकृतिक स्रोत संरक्षणको दिगो सन्तुलन कायम गरिने छ।

पूर्वाधार निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति, रुख कटान र निकुञ्ज तथा संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणसम्बन्धी झन्झटिला प्रक्रिया, कानुन र कार्यविधि तत्काल सरलीकृत गरिने छ । राष्ट्रिय जलवायु वित्त रणनीति जारी गरी विश्वव्यापी जलवायु कोषबाट नेपालले पाउनुपर्ने क्षतिपूर्ति र अनुदान प्राप्त गर्न उच्चस्तरीय कूटनीतिक पैरवी गरिने छ । यसै गरी जलवायु परिवर्तनको मुद्दालाई अन्तर र्राष्ट्रिय मञ्चमा जलवायु न्यायका रूपमा सशक्त रूपमा उठाइने छ । यसका साथै कार्बन व्यापारको स्पष्ट कानुनी र संस्थागत आधार तयार गरिने छ।

## १०. सुशासन तथा भ्रष्टाचार नियन्त्रण

संवत् २०४६ पछि सार्वजनिक पदमा आसीन व्यक्तिको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रिया अनुसार छानबिन गरिने छ। संवैधानिक निकायहरूको संस्थागत सुदृढीकरणका साथै मन्त्रीपरिषद्ले गर्ने नीतिगत निर्णयको परिभाषा गरिने छ। भ्रष्टाचारसम्बन्धी सूचना दिनेलाई संरक्षण तथा प्रोत्साहन गर्न सूचक संरक्षणसम्बन्धी कानुनका साथै स्वार्थको द्वन्द्वसम्बन्धी कानुन निर्माण गरिने छ। राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वको कार्यक्षेत्र तथा अधिकार कानुनद्वारा स्पष्ट रूपमा परिभाषित गरिने छ। सार्वजनिक सेवालाई राजनीतिक दबाबबाट मुक्त, निष्पक्ष, सक्षम, जनउत्तरदायी र सेवाप्रति प्रतिबद्ध बनाइने छ। अनुसन्धान तथा नियमनकारी निकाय र संस्थाको संरचना सुधार गरी सबल बनाइने छ।

राज्यका विभिन्न निकायमा कार्यरत कर्मचारीमा दलीय आबद्धता अन्त्य गर्न नीतिगत र कानुनी प्रबन्धका साथै सरकारी सेवाभित्रको दलीय ट्रेड युनियन खारेज गरिने छ।

क्षमता, दक्षता र प्रतिस्पर्धात्मक सोच भएको थोरैले धेरै सेवा दिने आधुनिक निजामती सेवाको निर्माण गरिने छ । नियुक्तिमा इमानदारी र नैतिकता परीक्षणको विधि अवलम्बन गरिने छ । न्यायाधीश नियुक्ति मेरिटोक्रेसी र प्रतिस्पर्धात्मक प्रणालीका आधारमा गरिने छ। शान्ति सुव्यवस्था कायम गर्ने, विधिको शासन सुनिश्चित गर्ने, निष्पक्ष, छिटोछरितो गुणस्तरीय सेवा सुविधा उपलब्ध गराउने, सहज सार्वजनिक सेवा प्रवाह प्रणालीको ग्यारेन्टी, अनियमितता, ढिलासुस्ती, विकृतिलगायतका सबै प्रकारका भ्रष्टाचारको नियन्त्रण गरिने छ।

राष्ट्रिय सतर्कता केन्द्रलाई अधिकारसम्पन्न बनाइने छ । नीति, कानुन निर्माण र निर्णयमा बिचौलिया प्रवृत्तिलाई सम्पूर्ण रूपले अन्त्य गरिने छ। सेवाप्रदायक निकायलाई सुशासन सूचकाङ्क प्रणालीमा आबद्ध गरी सेवाग्राहीले कार्यालयको मूल्याङ्कन गर्ने प्रणाली विकास गरिने छ।

## ११. प्रशासनिक सुधार तथा सेवा प्रवाह

सङ्घीय मन्त्रालयको सङ्ख्या १७ कायम गरिने छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अन्तरमन्त्रालय समन्वय, जलवायु परिवर्तन, ठुला आयोजनाको प्रत्यक्ष अनुगमन गर्ने नतिजा केन्द्रको रूपमा रूपान्तरण गरिने छ । राष्ट्रिय योजना आयोगलाई तथ्याङ्क र अनुगमनमा केन्द्रित थिङ्क ट्याङ्क ढाँचामा लगिने छ भने नीति अनुसन्धान प्रतिष्ठानलाई पुनर्संरचना गरिने छ।

सङ्घ, प्रदेश र स्थानीय प्रशासनबिच प्रभावकारी अन्तरसम्बन्ध कायम गर्न, योग्यतामा आधारित प्रणाली स्थापित गर्न, अनावश्यक र कार्यगत दोहोरोपना हटाउन र प्रतिस्पर्धामा आधारित सार्वजनिक प्रशासनको पुनर्संरचना गर्न उच्चस्तरीय प्रशासन संरचना पुनरवलोकन आयोग गठन गरिने छ । राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यक्षेत्र तथा अधिकार कानुनद्वारा स्पष्ट परिभाषित गरिने छ । आउँदो पाँच वर्षभित्र सरकारी सेवामा २५ प्रतिशत नयाँ र सक्षम जनशक्ति भित्र्याइने छ।

नतिजामूलक प्रशासन सुनिश्चित गर्न स्पष्ट कार्यसम्पादन सूचकाङ्क, मूल्याङ्कन, पदोन्नति र वृत्ति विकासको व्यवस्थासहित निजामती सेवासम्बन्धी कानुन जारी गरिने छ। भत्तालगायतका असङ्गत अतिरिक्त सुविधाको सट्टा आधारभूत वेतनलाई उचित, नियमित र समयसापेक्ष परिमार्जन गरी कार्यान्वयन गरिने छ । सेवा लिन कार्यालय–कार्यालय धाउनुपर्ने, मध्यस्थ र कर्मचारीसँग प्रत्यक्ष भेट गर्नुपर्ने, अनावश्यक हैरानी अन्त्य गरिने छ । प्रक्रिया लेखाजोखा गरी परम्परागत र झन्झटिलो तहगत टिप्पणी प्रथाका साथै कागजमा आधारित प्रशासनिक प्रक्रिया चरणबद्ध रूपमा अन्त्य गरिने छ । सार्वजनिक सेवा प्रवाहमा टाइम कार्ड लागु गरिने छ।

## १२. विद्युतीय सुशासन तथा प्रविधि

सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योगका रूपमा घोषणा गरिनुका साथै आइटी प्रवर्धन बोर्ड गठन गरिने छ। डिजिटल अर्थतन्त्रलाई आर्थिक वृद्धि, उच्च उत्पादकत्व र गुणस्तरीय रोजगारी सिर्जनाको प्रमुख क्षेत्रका रूपमा विकास गरिने छ।

समग्र डिजिटल इकोनोमी निर्माणका लागि सञ्चार तथा सार्वजनिक पूर्वाधार, डेटा सेन्टर, क्लाउड सेवा, साइबर सुरक्षा, वैयक्तिक विवरणको गोपनीयता र सुरक्षा विधि तथा उच्च गतिको कनेक्टिभिटीमा प्राथमिकतासाथ लगानी गरिने छ। सरकारी र सार्वजनिक प्रयोजनका लागि आवश्यक सफ्टवेयर र एप्लिकेसन नेपालमै विकास गर्न प्रोत्साहन गर्ने गरी सार्वजनिक खरिद नीतिमा सुधार गरिने छ।

आगामी पाँच वर्षभित्र कृत्रिम बौद्धिकता र कम्प्युटेसन शकित निर्यात गर्ने देशका रूपमा नेपाललाई रूपान्तरण गर्ने छौँ । नेपालमै डेटा केन्द्र, एआई कम्प्युटिङ र डिजिटल सेवाको स्वदेशी उद्योग निर्माण गरी विश्व अर्थतन्त्रसँग जोडिने छ । नेपाली आइटी कम्पनीहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन 'फ्रम नेपाल टु दी वर्ल्ड' अभियानमुखी कार्यक्रम सञ्चालन गरिने छ । सबै डिजिटल पूर्वाधारलाई अन्तर्राष्ट्रियस्तरका रूपमा विकास गरिने छ।

बहुराष्ट्रिय प्रविधि कम्पनीहरूलाई नेपालमा विकास र नवप्रवर्धन केन्द्र स्थापना गर्न आकर्षित गरिने छ। सूचना प्रविधि कम्पनीलाई कर सहुलियत प्रदान गरिने छ । सरकारी डिजिटल परियोजनाहरूमा स्थानीय आइटी कम्पनीको सहभागिता र साझेदारी सुनिश्चित हुने गरी सार्वजनिक खरिद प्रणालीमा सुधार गरिने छ।

नेपालको आफ्नै भू–उपग्रह स्थापना गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा आधारभूत दूरसञ्चार सेवा र डिजिटल कनेक्टिभिटी सुनिश्चित गरिने छ। कृत्रिम बौद्धिकता र जेनेरेटिभ एआईमा आधारित नवप्रवर्तनलाई उच्च प्राथमिकता दिँदै 'सोभरियन लार्ज ल्याङ्ग्वेज मोडेल' विकास र प्रयोग गरिने छ । डिजिटल नेपाल फ्रेमवर्कलाई समयानुकूल परिमार्जन तथा नागरिक एपलाई सुपर एपका रूपमा विकास गरिने छ । डिजिटल सिपमा लगानी वृद्धि गरिनुका साथै आर्टिफिसियल इन्टेलिजेन्स तथा कन्टेन्ट मोडरेसनसहित डिजिटल साक्षरतालाई कक्षा १२ सम्म अनिवार्य गरिने छ।

कृत्रिम बौद्धिकता, डाटा साइन्स, साइबर सुरक्षा, फिनटेक, बायोटेक र नवीकरणीय ऊर्जा जस्ता उदीयमान प्रविधिमा युवालाई दक्ष बनाउन राष्ट्रिय कार्यक्रम सञ्चालन गरिने छ । विशेष इन्क्युबेसन केन्द्र स्थापना गरी आइटी पार्कहरूको विकासमार्फत डिजिटल उद्यमशीलता प्रवर्धन गरिनुका साथै इनोभेसन फन्ड स्थापना गरी युवा उद्यमीलाई : मेन्टोरिङ, लगानी सुरक्षा र सहयोग सुनिश्चित गरिने छ। आविष्कार केन्द्र खोल्ने र आविष्कार हरूको बजारीकरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ।

## १३. सामाजिक न्याय तथा समावेशीकरण

नेपालको सामाजिक संरचना, राज्यका कानुन, नीति तथा व्यवहारका कारण पुस्तौँदेखि अन्याय, अपमान, शोषण र बहिष्करणमा परेको ऐतिहासिक यथार्थतालाई आत्मसात् गर्दै नेपाल राज्यका तर्फबाट औपचारिक क्षमायाचना गरी संरचनात्मक विभेदको अन्त्यका लागि अझ ठोस कानुनी, नीतिगत र संस्थागत सुधार गरिने छ।

सरकारी र सार्वजनिक निकायमा समावेशी सहभागिताको प्रभावकारिता जाँच्न समावेशी अडिट गरिने छ । दलित समुदायको उत्थान र मूल प्रवाहीकरणका साथै संवैधानिक र राज्यका अन्य संरचनामा समावेशी समानुपातिक सहभागिता सुनिश्चित गरिने छ । राज्यका सबै निकायमा महिलाको अर्थपूर्ण सहभागिता र समान कामको समान ज्याला सुनिश्चित गरिने छ। दलित समुदायलाई समानुपातिक समावेशीकरणका अतिरिक्त विशेष सुविधा उपलब्ध गराइने छ । मधेशी, थारू, मुस्लिम समुदायको पहिचान भाषा, संस्कृतिको संरक्षण गर्दै राज्यको मूल प्रवाहमा समान पहुँच दिलाइने छ।

उत्पीडित समुदायको परम्परागत पेसा, ज्ञान, सिप र प्रविधिको उपयोगका साथै आधुनिकीकरण गर्न स्रोतसाधन र सिप उपलब्ध गराइने छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको रोजगारी सुनिश्चितता, स्वास्थ्य उपचार, निःशुल्क शिक्षा तथा सामाजिक अन्तरघुलनका लागि समावेशी नीति ल्याइने छ । अपाङ्गता भएका नागरिकको सर्वाङ्गीण विकास र हकहितका लागि विशिष्टीकृत राष्ट्रिय निकाय गठन गरिने छ। अपाङ्ग, अशक्त, असहाय, उत्पीडित, सीमान्तकृत समुदाय र टुहुरा बालबालिकालाई शिक्षा, स्वास्थ्य र हेरचाहको व्यवस्था गर्न स्याहार केन्द्र स्थापना गरिने छ।

राज्यका सबै अङ्गमा आदिवासी, जनजाति, खसआर्य, मधेशी, दलित, मुस्लिम र अल्पसङ्ख्यक सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गरिने छ । राज्यका कुनै पनि व्यक्तिलाई समुदाय, भाषा, वर्ण, धर्म, लिङ्ग, संस्कृति, परम्परा, पेसा, वैचारिक आस्था या यौनिक पहिचानका आधारमा विभेद गरिने छैन। अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेशी, थारू समुदायको उत्थान र विकासका साथै महिलाको मूल प्रवाहीकरण गरिने छ।

## १४. अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्ध

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई सर्वोपरी राख्दै बदलिँदो वैश्विक भूराजनीति र छिमेकी शक्तिहरूको उदयलाई नेपालको विकासका अवसरमा बदल्न 'सन्तुलित र गतिशील कूटनीति' अवलम्बन गरिने छ। नेपालका कूटनीतिक नियोगहरूको काम र जिम्मा नियोगको सक्रियता र नतिजा मापन गर्न वैज्ञानिक 'पर्फर्मेन्स अडिट' प्रणाली सुरु गरिने छ।

नेपालको सार्वभौमसत्ता र राष्ट्रिय हितलाई सर्वोपरी राख्दै नेपाललाई ' बफर स्टेट' बाट 'भाइब्रेन्ट ब्रिज' का रूपमा रूपान्तरण गरी त्रिपक्षीय आर्थिक साझेदारी र कनेक्टिभिटीका माध्यमबाट राष्ट्रिय हित सुनिश्चित गरी नेपाललाई स्वतन्त्र, तटस्थ र विश्वशान्तिमा आधारित असंलग्न राष्ट्रका रूपमा विश्व मञ्चमा स्थापित गरिने छ।

कुनै पनि सैन्य गठजोड, हातहतियारको दौड र युद्धले शान्तिलाई बाधा पुऱ्याउँछ भन्ने मान्यतासहित सबैसँग समदुरी र समनिकटताको नीति अवलम्बन गरिने छ । सम्पूर्ण कूटनीतिको केन्द्रमा 'नेपाल प्रथम : नेपाली प्रथम' को अवधारणा आत्मसात् गरिने छ। आर्थिक कूटनीतिलाई बढावा दिनुका साथै सगरमाथा संवाद जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ।

जलवायु परिवर्तन, हिमालयको संरक्षण, पर्वतीय मुद्दा र भूपरिवेष्ठित राष्ट्रका साझा हितमा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको आवाज सशक्त रूपमा उठाइने छ । वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको हकहित, सुरक्षा र सामाजिक सुरक्षाका लागि अन्तर्राष्ट्रिय समुदायसँग समन्वय गरिने छ।

## १५. नेपाली डायस्पोराको ज्ञान, सिप र पुँजीको उपयोग

संवैधानिक र कानुनी व्यवस्था गरी गैरआवासीय नेपालीको नागरिकताको निरन्तरता, पैतृक सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गरिने छ । 'एक पटकको नेपाली सधैँको नेपाली' लाई सुनिश्चित गरी विदेशमा रहेका नेपालीको ज्ञान, सिप र अनुभवलाई ब्रेन गेनका रूपमा प्रयोग गरिने छ । गैरआवासीय नेपालीलाई खास प्राकृतिक लगानीकर्ता (सुप्रिम अर्गानिक इन्भेस्टर) को स्थान दिई पूर्वाधार विकास र निर्यातमूलक उद्योगमा लगानी गर्न वार्षिक एक खर्बको डायस्पोरा बन्ड जारी गरिने छ।

डायस्पोराको पुँजी र ज्ञान आकर्षित गरी अन्तर्राष्ट्रियस्तरको खेलकुद सहर, उच्च शिक्षा अनुसन्धान केन्द्र, विशिष्टीकृत स्वास्थ्य सेवा, सांस्कृतिक पर्यटनलगायतका क्षेत्रमा आयोजनाको विविधीकरण गरिनुका साथै फास्ट ट्र्याक मोडेलमा निर्माण गरिने छ । विदेशमा बस्ने नेपालीको लगानी प्रोत्साहन गर्न नेपालीको ठुलो बसोबास भएका देशहरूसँग दोहोरो कर प्रणाली अन्त्य गर्न द्विपक्षीय सम्झौता गरिने छ। पहिलो पुस्ताका डायस्पोराका लागि सेवा निवृत्तिपछि मातृभूमि फर्कौं भन्ने प्याकेज ल्याइने छ।

## १६. खेलकुद

खेलकुदलाई राष्ट्रिय एकता, मानव विकास, राष्ट्रिय गौरव र आर्थिक समृद्धिको मेरुदण्डका रूपमा विकास गरिने छ । अधुरा रङ्गशालाहरूलाई समयमै सम्पन्न गर्दै सातै प्रदेशमा अत्याधुनिक र पूर्णतः पहुँचयुक्त खेल पूर्वाधारहरू निर्माण गरिने छ । खेल प्रशासनमा राजनीतिक नियुक्ति पूर्णतः खारेज गरी पेसागत नेतृत्व र पारदर्शी बजेट व्यवस्था लागु गरिने छ।

विद्यालयस्तरदेखि नै प्रतिभा पहिचान कार्यक्रममार्फत स्कुल स्पोर्ट्सलाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइने छ । साहसिक खेल र अल्ट्रा म्याराथन जस्ता नेपालका मौलिक सम्भावनाहरूलाई राष्ट्रिय गौरवका रूपमा प्रवर्धन गर्दै निजी लगानी प्रोत्साहित गरिने छ। नेपाललाई साहसिक खेलको गन्तव्यका रूपमा विकास गरिने छ । अपाङ्गतामैत्री खेल पूर्वाधार निर्माणलाई प्राथमिकता दिइने छ। खेलकुद क्षेत्रलाई उद्योगका रूपमा विकास गरिने छ । त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अपग्रेड गरिने छ। नेपाललाई दक्षिण एसियाको खेलकुद हबका रूपमा स्थापित गरिने छ।

नेपालमा द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय खेलहरूको आयोजना गरी खेल पर्यटनको प्रवर्धन गरिने छ । खेलकुदलाई सफ्ट पावरका रूपमा प्रयोग गरी नेपाललाई क्षेत्रीय र अन्तर्राष्ट्रिय आयोजना स्थलका रूपमा स्थापित गर्दै क्रिकेट कूटनीतिमार्फत नेपालको अन्तर्राष्ट्रिय छवि सुधार र कूटनीतिक सम्बन्ध विस्तार गरिने छ।

खेलकुदलाई पेसाका रूपमा विकास गरिने छ । आवधिक रूपमा विद्यालयस्तर, प्रदेशस्तर र राष्ट्रियस्तरमा खेल प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट खेलाडीको उत्पादन गरिने छ । खेलकुद र खेलाडीहरूको प्रशिक्षणलाई उच्च प्राथमिकता दिइने छ भने खेलकुद प्रशिक्षणलाई वैज्ञानिक, प्राविधिक तथा परिणाममुखी बनाइने छ। महिला तथा समावेशी खेलकुद प्रवर्धन गरिने छ।

खेलाडी खेलबाट पलायन हुनुपर्ने अवस्थाको अन्त्य गर्न नियमित लिग हुने वातावरण, उचित पारिश्रमिक र पुरस्कार राशि समयमै पाउने व्यवस्था गरिने छ।

## १७. विपत् व्यवस्थापन

नेपाल बहुआयामिक विपत् जोखिमको अवस्थामा रहेको हुँदा पूर्वतयारीमुखी सुरक्षा नीति अवलम्बन गरिने छ । उच्च जोखिम क्षेत्रको अद्यावधिक जोखिम नक्साङ्कन, प्रारम्भिक चेतावनी प्रणाली विकास, बाढीपहिरोको उच्च जोखिम क्षेत्रको पहिचान गरी सुरक्षित र एकीकृत बस्ती स्थानान्तरणका साथै राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अधिकारसम्पन्न बनाइने छ । जोखिम न्यूनीकरण, पूर्वतयारी, तत्काल उद्धार र पुनर्स्थापनालाई एकीकृत गर्दै तथ्यमा आधारित नीति, सक्षम संस्थागत संयन्त्र र समुदायको सहभागितामार्फत विपत् जोखिम न्यून गर्ने प्रभावकारी, समावेशी र उत्तरदायी विपत् व्यवस्थापन प्रणाली निर्माण गरिने छ । प्रदेश र स्थानीय तहको विपत् व्यवस्थापन कार्यक्रम तर्जुमा, कार्यान्वयन र समीक्षाका लागि क्षमता अभिवृद्धि गरिने छ। विकास आयोजना निर्माण गर्दा विपत्जन्य जोखिम र त्यसको व्यवस्थापनमा ध्यान दिइने छ।

नवीन प्रविधिमा आधारित पूर्वसूचना प्रणाली, जोखिम नक्साङ्कन र वितरण आदि कार्यलाई चुस्त र दुरुस्त बनाइने छ। प्राकतिक विपत्बाट हुने जनधनको नोक्सानी कम गर्नका लागि एआईको प्रयोगका साथै डिजिटल प्रविधिमा आधारित पूर्वसूचना प्रणालीको विकास गरिने छ । आधार भूत र उच्च शिक्षाका पाठ्यक्रममा जलवायु परिवर्तन, विपत् व्यवस्थापन तथा प्रकोपजन्य जोखिम न्यूनीकरणका लागि नवप्रवर्तनमा युवाको आकर्षण र सहभागिता बढाइने छ।

## १८. सहकारी तथा लघुवित्त

सहकारी र लघुवित्तको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी गैरबैङ्किङ वित्तीय क्षेत्रलाई राष्ट्र बैङ्कको प्रत्यक्ष र शक्तिशाली सुपरिवेक्षण प्रणालीभित्र ल्याइने छ।

सहकारी र लघुवित्तलाई कर्जा सूचना केन्द्रसँग आबद्ध गरी वास्तविक क्षमताका आधारमा मात्र कर्जा प्रवाह गरिनुका साथै उत्पादनशील, बिनाधितो सामूहिक जमानी र स्थानीय सिपमा आधारित उद्यमशील कर्जामा केन्द्रित गरिने छ । सहकारी संस्थाको नियमन र मापदण्ड सङ्घले बनाउने तथा प्रदेश र स्थानीय तहले सहकारी संस्थाको दर्ता, अभिलेख र सुशासन प्रणालीलाई प्रभावकारी बनाइने प्रबन्ध गरिने छ।

सहकारी दर्ता, प्रतिवेदन, अनुगमन र सूचना प्रणालीलाई पूर्णतः डिजिटल गरिनुका साथै सहकारीको व्यावसायीकरण, ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण र इकमर्समार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गरिने छ । यसै गरी युवा, महिला, श्रमिक र सीमान्तकृत समुदायलक्षित सहकारीमार्फत रोजगारी र स्वरोजगारी सिर्जना गरिने छ। सहकारी बचतकर्ताको कमाइ सुरक्षित गर्न एकीकृत बचत सुरक्षा कोष स्थापना गरी सङ्कटग्रस्त संस्थाका बचतकर्तालाई प्राथमिकताका आधारमा भुक्तानी दिने व्यवस्था गरिने छ। यसका साथै मिटरब्याज र अनुचित लेनदेन आर्थिक अपराधका रूपमा परिभाषित गरिनुका साथै विगतका सबै तमसुक र कपाली तमसुकको न्यायिक छानबिन गरिने छ । मिटरब्याज र लघुवित्तका कारण मानसिक र शारीरिक यातना भोगेका पीडितका लागि स्थानीय तहमा निःशुल्क कानुनी सहायता र मनोसामाजिक परामर्शको व्यवस्था गरिने छ।


**Government of Nepal**
**Ministry of physical infrastructures & Transport**
**Department of Roads**
**Federal Roads Supervision And Monitoring Office, Kathmandu**

**Road Division Hetauda**
**Makwanpur**

**Invitation for Bids**

**Tender Notice Number: 06/2082/083**
**First Date of Publication: 2083/01/02 (April 15, 2026)**

1. Road Division, Hetauda invites Open Competitive Bidding (Single Stage Single/Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S. N. | Contract Identification No. | Work Site & Work Descriptions | Est. Amount (Exclusive of VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fees, NRs. |
|---|---|---|---|---|---|---|
| 1 | RDHTD /337310113/ 2082/083-35Re | Recurrent Maintenance Works along Hetauda-Samari -Bhainse-Lamidanda Section of TRP (NH41), Makwanpur | 35,45,349.87 | 90,000.00 | 90 Days/120 Days | 3,000.00 |
| 2 | RDHTD /337310113/ 2082/083-39Re | Recurrent Maintenance Works along Lamidanda-Simbhanjyang-Palung-Sopyang Section of TRP (NH41), Makwanpur | 25,08,315.66 | 60,000.00 | 90 Days/120 Days | 3,000.00 |
| 3 | RDHTD/337310113/ 2082/083-40Re | Recurrent Maintainance Works along Birgunj-Basantpur Road (NH05), Parsa | 23,00,046.26 | 60,000.00 | 90 Days/120 Days | 3,000.00 |
| 4 | RDHTD /337310113/ 2082/083-41Re | Recurrent Maintainence Works along Dhansar-Pathalaiya Section Of MRM (NH01), Bara | 17,44,927.91 | 40,000.00 | 90 Days/120 Days | 3,000.00 |

2. Information to deposit the cost of bidding document and bid security in the bank:

| Office Name | District Treasury Controller Office (Ko.Le.Ni.Ka.) Hetauda, Makwanpur | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nepal Bank Limited, City Office, Hetauda | All | April 24, 2026 (2083/01/11) Time: 11:00 A.M. | April 30, 2026 (2083/01/17) Time: 12:00 P.M. | April 30, 2026 (2083/01/17) Time: 13:00 P.M. |
| Rajaswa khata No. | 00101000000001001001 | | | | |
| Rajaswa shirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 02501000002003000001 | | | | |
| Office code No.: - | 337013201 | | | | |

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp .

**Division Chief**



**ऋण असुली न्यायाधिकरण , कमलपोखरी, काठमाडौँको**
**जग्गा लिलाम बिक्री सम्वन्धी ३५ दिने सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८३।०१।०२**

**वादी एनएमबि बैंक लिमिटेड र प्रतिवादी इलेक्ट्रोकम एण्ड रिसर्च सेन्टर उद्योग** समेत भएको मु.नं. ३११/०७८–DR–०१७२ को ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०८१।०५।१७ को निर्णय र मिति २०८२।१२।२३ को आदेशानुसार वादी बैंकको नाउँमा धितोमा रहेको पछि रोक्का रहेको तपसिलमा उल्लेखित जग्गा/सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका शर्तहरू पालना गर्ने गराउने गरी यो सिलबन्दी वोलपत्र आह्वान गरिएको छ ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :**

१. प्रस्तुत मुद्दामा प्रतिवादी जग्गाधनी इलेक्ट्रोकम एण्ड रिसर्च सेन्टरका नाममा दर्ता श्रेस्ता कायम रही धितो सुरक्षणमा रहेको जिल्ला सिन्धुपाल्चोक सानो सिरुबारी वडा.नं ५ को कित्ता नं.१२२४ क्षे.फ.(२–०–०–०) को न्यूनतम मूल्य रु १०,००,०००/– कि.नं १२२६ क्षे.फ.(२–०–०–०) को न्यूनतम मूल्य रु. १०,००,०००/–र कि.नं ४६७ क्षे.फ (०–८–२–२) को न्यूनतम मूल्य रु २,६९,५३४/–, कि.नं.१२७२ क्षे.फ (२–३–१–२) को न्यूनतम मूल्य रु ११,०५,४७१/– कि.नं १२८४ क्षे.फ. (७–०–०–०) को न्यूनतम मूल्य रु ३५,००,०००/–, कि.नं १२८२ क्षे.फ (४–११–२–०) को न्यूनतम मूल्य रु ५,४२,६६२/– कि.नं. ४४४ क्षे.फ (१–१–१–३) को न्यूनतम मूल्य रु २७,२४,६११/– कि.नं १३२४ क्षे.फ (०–५–०–०) को न्यूनतम मूल्य रु १,५६,२५०/–, कि.नं १३२६ क्षे.फ (०–९–२–१) को न्यूनतम मूल्य रु २,९८,८३०, कि.नं १३२८ क्षे.फ (२–०–०–०) को न्यूनतम मूल्य रु ५०,००,०००/–कि.नं १३३० क्षे.फ (१–९–०–०) को न्यूनतम मूल्य रु १,७९,६९२/– कि.नं १३३२ क्षे.फ (१–७–०–०) को न्यूनतम मूल्य रु ३५,९३,७५०/–साथै ऐ जिल्ला पिपलडाँडा वडा.नं ३ को कित्ता नं.११५० क्षे.फ.(१–०–०–०) को न्यूनतम मूल्य रु ५,००,०००/–कि.नं १०१५ क्षे.फ.(२–०–०–०) को न्यूनतम मूल्य रु १०,००,०००/– कि.नं ११५२ क्षे.फ (३–०–०–०) को न्यूनतम मूल्य रु १५,००,०००/–, कि.नं.११८० क्षे.फ (१–०–०–१) को न्यूनतम मूल्य रु ५,०१,९५४/– कि.नं ७१० क्षे.फ.(१–६–०–३) को न्यूनतम मूल्य रु ६,९३,३६२/–, कि.नं ११८२ क्षे.फ (०–२–०–०) को न्यूनतम मूल्य १६,५६४/–कि.नं. ११८४ क्षे.फ (२–०–०–०) को न्यूनतम मूल्य रु २६५०००/– कि.नं ११९९ क्षे.फ (१–८–०–०) को न्यूनतम मूल्य रु ७,५०,०००/– , कि.नं १२०१ क्षे.फ (१–८–०–०) को न्यूनतम मूल्य रु ७,५०,०००/– गरी जग्गाको मूल्यांकन मुचुल्काको आधारमा हुने एकमुष्ठ जम्मा न्यूनतम मूल्य रु.२,५३,४७,६८० (अक्षरेपी दुई करोड त्रीपन्नलाख सड्चालिसहजार छ सय असी रुपैया मात्र) एवं इलेक्ट्रोकम एण्ड रिसर्च सेन्टर अन्तरगत संचालित झ्यारिखोला जलविद्युत परियोजना भित्रका भौतिक संरचना (भवन,मेसिनरी,पाईपलाईन) लगायतका सामानहरूको प्राविधिक मूल्याङ्कन प्रतिवेदनको आधारमा निर्धारित न्यूनतम मूल्य रु.११,०९,८०,०००/– (अक्षरेपी एघार करोड नौ लाख असी हजार रुपैया मात्र) समेतको एकमुष्ठ गरी जम्मा एकमुष्ठ न्यूनतम मूल्य रु १३,६३,२७,६८०/– अक्षरेपी (तेह्र करोड त्रीसठ्ठीलाख सत्ताइस हजार छ सय असी रुपैया मात्र)

**(ख) शर्तहरू :**

१. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनी वा निजको कानून बमोजिमको वारेसले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु. १०,०००/– बुझाई वोलपत्र फाराम खरीद गर्न सकिनेछ ।
२. यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन अपरान्ह १.०० बजेसम्म वोलपत्र पेश गर्नु पर्नेछ । यसरी पेश भएका वोलपत्रहरू सोही दिन १.३० बजे यसै न्यायाधिकरणमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएपनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । वोलपत्र फाराम बिक्री गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलीपल्ट मध्यान्ह १२:०० बजेसम्म तोकिएको शुल्क बुझाई वोलपत्र फाराम खरीद गर्न सकिने र वोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ ।
३. वोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र स्थायी लेखा नम्बर परिचयपत्रको प्रमाणित प्रतिलिपि, फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू वोलपत्रसाथ पेश गर्नुपर्नेछ।वोलपत्र फारममा वोलपत्रदाताले आफ्नो ईमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।वोलपत्र फाराम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं वा कानून बमोजिमको वारेसले उपस्थित हुनु पर्नेछ ।
४. उपरोक्त घर,जग्गा भएको क्षेत्रमा हाल साविक लागु भई हाल साविक गरी दाखिल खारेज गर्नु पर्ने अवस्था आएमा सो समेत गर्नमा मन्जुर भई हाल साविकबाट क्षेत्रफल घटबढ भए सो समेतमा लिलाम सकारकर्ता मन्जुर हुन पर्ने छ ।
५. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कवुल गरेको अंकको १०(दश) प्रतिशत रकम धरौटी वापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौँको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० कार्यालय कोड नं.३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर वोलपत्र साथ पेश गर्नुपर्ने छ ।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको वोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।
७. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत वोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रम सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति वोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।
८. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अंकित भएको वा शर्तहरू राखी पेश भएका वोलपत्रहरू उपर कुनै कारवाही हुनेछैन ।
९. न्यायाधिकरणले वोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त वोलपत्र उपर निर्णय गर्नेछ । वोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन वोलपत्रदाता स्वयं लिखित पत्रसहित वोलपत्र खुलेको मितिले १५ दिन भित्र न्यायाधिकरणमा उपस्थित हुनु पर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रुपमा वोलपत्रदातालाई दिनेछ ।
१०. त्यसरी वोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्वन्धित व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कवुल गरेको अंकको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो घर, जग्गा/सम्पत्तिको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिई सक्नुपर्नेछ, अन्यथा धरौटी वापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ । यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र।) दिनभित्र राजस्व खातामा सदरस्याहा गर्नेछ ।
११. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ ।
१२. घर,जग्गा/सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण दै–दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ ।
१३. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भई सकेपछि बादी बैंक वा वित्तीय संस्था र ऋणीहरू बीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारवाही स्थगित गरी पाउँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा लिलाम कारवाही स्थगित गर्न सकिनेछ ।
१४. वोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्वन्धित वोलपत्रदाताले धरौटी वापत बैंकमा दाखिला गरेको रकम सोही वोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।
१५. लिलाम बिक्री हुने घर, जग्गा/सम्पत्तिको विस्तृत जानकारीको लागि एनएमवि बैंक लिमिटेड र वोलपत्र सम्वन्धी अन्य थप जानकारीको लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ ।
१६. वोलपत्र फाराम भर्दा वोलपत्रदाताको ईमेल ठेगाना अनिवार्य उल्लेख गर्नु पर्नेछ र यस न्यायाधिकरण र वोलपत्रदाताबीच हुने जुनसुकै पत्राचार एवं अन्य आवश्यक सूचना ईमेल मार्फतबाट मात्र हुनेछ ।
१७. यो सूचना यस न्यायाधिकरणको Website www.drtribunal.gov.np मा हेर्न सकिनेछ ।